बीमा प्रतिबिम्ब

नेपाली बीमा क्षेत्रको मासिक तथ्यांक संस्करण
वर्ष २ अंक २ २०८२ भाद्र

पृष्ठभुमी

बीमा क्षेत्र अर्थतन्त्रको महत्वपूर्ण स्तम्भ हो, जसले वित्तीय सुरक्षाका साथै दीर्घकालीन लगानी र सामाजिक स्थायित्वमा योगदान पुऱ्याउँछ। नेपालमा यस क्षेत्रको प्रभावकारी नियमन, अनुगमन, तथा विश्लेषणको कार्य नियमनकारी निकाय नेपाल बीमा प्राधिकरणले गर्दछ।

नेपाली बीमा बजारमा आ.व. २०८२/८३ को भाद्र मसान्तसम्म ३७ वटा बीमा कम्पनी सञ्चालनमा रहेका छन्। कार्य प्रकृतिको आधारमा १४ जीवन बीमा, १४ निर्जीवन बीमा, ७ लघुबीमा (३ जीवन लघुबीमा र ४ निर्जीवन लघुबीमा) र २ पुनर्बीमा कम्पनीले व्यवसाय गर्दै आइरहेका छन्। त्यसैगरी, नेपालको कुल गार्हस्थ्य उत्पादनमा बीमाको योगदान बढ्दो क्रममा रहेको छ। साथै, बीमा ऐन, २०७९ ले निर्देशित गरेको कार्य क्षेत्र भित्र रही प्राधिकरणले आफ्नो काम कार्यवाही गर्दै आएको छ।

बीमा क्षेत्रमा मुख्य तथ्यांकहरुको विश्लेषणले बीमा क्षेत्रमा भएको प्रगति, चुनौतीहरू, तथा नीतिगत आवश्यकताहरूको पहिचान गर्न सहयोग पुऱ्याउँछ। यस मासिक तथ्यांक संस्करण मार्फत बीमा पहुँच, बीमकहरूको वित्तीय अवस्था, दाबी, बीमालेख संख्या, बीमाशुल्क संकलन लगायतका प्रमुख सुचकहरुको अध्ययन गरिएको छ।

यो विश्लेषण बीमा क्षेत्रको पारदर्शिता, जवाफदेहिता, तथा नीतिनिर्माणका लागि आधार हुनेछ साथै, बीमकहरु, नीति निर्माता, अनुसन्धानकर्ता, र आम सर्वसाधारणलाई उपयोगी जानकारी प्रदान गर्ने उद्देश्यले तयार पारिएको छ।

नेपाली बीमा बजार

आ.व. २०८२/८३ को भाद्र मसान्तसम्ममा बीमा क्षेत्रको सुचकाङ्कहरुको अवस्था देहाय बमोजिम रहेका छन्।

१. बीमालेख संख्या

सूचक	२०८१ भाद्र मसान्तसम्ममा	२०८२ भाद्र मसान्तसम्ममा	परिवर्तन %
जीवन बीमालेख संख्या (*म्यादि, लघु म्यादि र बैदेशिक रोजगार जीवन बीमालेख बाहेक*)	५,६९७,५६६	५,७९८,७८३	१.७८
म्यादि र लघु म्यादि जीवन बीमालेख संख्या	५,९३१,३१९	७,५४५,९३३	२७.२२
बैदेशिक रोजगार बीमालेख संख्या	२,१५५,२०३	२,५९२,०५५	२०.२७
कुल सक्रिय जीवन बीमालेख संख्या	**१३,७८४,०८८**	**१५,९३६,७७१**	**१५.६२**
कुल जारी जीवन बीमालेख संख्या	**१,००९,४७६**	**१,१९८,६४३**	**१८.७४**
कुल निर्जीवन बीमालेख संख्या	**४७०,५१४**	**४९०,३०७**	**४.२१**

चालु आ.व २०८२/८३ को भाद्र मसान्तसम्ममा जीवन र लघुजीवन बीमा कम्पनीहरुबाट ११ लाख ९८ हजार ६४३ वटा बीमालेख जारी भएका छन् भने निर्जीवन र लघु निर्जीवन बीमा कम्पनीहरुबाट जम्मा ४ लाख ९० हजार ३०७ वटा बीमालेख जारी भएका छन्। साथै, यस आ.व.को भाद्र मसान्तसम्ममा १ करोड ५९ लाख ३६ हजार ७७१ वटा सक्रिय जीवन बीमालेख रहेका छन् जुन गत आ.व.को भाद्र मसान्तको तुलनामा १५.६२ प्रतिशतले वृद्धि भएको देखिन्छ।

२. बीमाशुल्क संकलन

रकम रु. लाखमा

सूचक	२०८१ भाद्र मसान्तसम्ममा	२०८२ भाद्र मसान्तसम्ममा	परिवर्तन %
प्रथम जीवन बीमाशुल्क संकलन रु.लाखमा	५६,८९४.१९	७२,६९६.०९	२७.७७
नविकरण जीवन बीमाशुल्क संकलन रु. लाखमा	२४४,६८४.७५	२८७,२०४.७९	१७.३८
कुल जीवन बीमाशुल्क संकलन रु.लाखमा	**३०१,५७८.९४**	**३५९,९००.८८**	**१९.३४**
कुल निर्जीवन बीमाशुल्क संकलन रु.लाखमा	**७८,५७०.६९**	**८२,९३२.१३**	**५.५५**
जम्मा बीमाशुल्क संकलन रु. लाखमा	**३८०,१४९.६२**	**४४२,८३३.०१**	**१६.४९**

चालु आ.व २०८२/८३ को भाद्र मसान्तसम्ममा रु. ४४ अर्ब २८ करोड ३३ लाख बीमाशुल्क संकलन भएको छ जुन गत आ.व.को भाद्र मसान्तको तुलनामा १६.४९ प्रतिशत वृद्धि हो। त्यसैगरी, गत आ.व. को भाद्र मसान्तको तुलनामा चालु आ.व को भाद्र मसान्तसम्ममा जीवन तथा लघुजीवन बीमा तर्फ बीमाशुल्क संकलन १९.३४ प्रतिशतले बृद्धि भई रु. ३५ अर्ब ९९ करोड १ लाख रहेको छ भने निर्जीवन तथा लघु निर्जीवन बीमा तर्फ ५.५५ प्रतिशतले बृद्धि भई रु. ८ अर्ब २९ करोड ३२ लाख बीमाशुल्क संकलन भएको छ।

३. बीमा दावी भुक्तानी विवरण

रकम रु. लाखमा

सूचक	२०८१ भाद्र मसान्तसम्ममा	२०८२ भाद्र मसान्तसम्ममा	परिवर्तन %
जीवन बीमा दावी भुक्तानी संख्या	३६,०४१	४३,३६३	२०.३२
जीवन बीमा दावी भुक्तानी रकम	६९,३८१.२३	८२,६८९.२५	१९.१८
भुक्तानी हुन बाँकी दावी संख्या *(जीवन)*	४५,०२९	५६,५९७	२५.६९
भुक्तानी हुन बाँकी दावी रकम *(जीवन)*	३१,७६३.३८	४७,५८३.२६	४९.८१
निर्जीवन बीमा दावी भुक्तानी संख्या	२०,९४१	२२,३८२	६.८८

निर्जीवन बीमा दावी भुक्तानी रकम	२४,६९६.८५	३२,५३८.५९	३१.७५
भुक्तानी हुन बाँकी दावी संख्या *(निर्जीवन)*	१००,९६९	१०५,४९९	४.४९
भुक्तानी हुन बाँकी दावी रकम *(निर्जीवन)*	२३१,९०८.१८	४०९,५३०.७३	७६.५९

चालु आ.व २०८२/८३ को भाद्र मसान्तसम्म जीवन बीमकहरुले भुक्तानी गरेको दाबीको संख्या ४३ हजार ३६३ रहेको छ जस अन्तर्गत रु. ८ अर्ब २६ करोड ८९ लाख भुक्तानी भएको छ। गत आ.व.को भाद्र मसान्तसम्मको तुलनामा दाबी भुक्तानी संख्या र रकममा २०.३२ प्रतिशत र १९.१८ प्रतिशत वृद्धि भएको देखिन्छ। साथै, ५६ हजार ५९७ वटा दाबी अन्तर्गतको रु. ४ अर्ब ७५ करोड ८३ लाख भुक्तानी हुन बाँकी नै रहेको छ।

त्यसैगरी, निर्जीवन बीमकहरुबाट चालु आ.व २०८२/८३ को भाद्र मसान्तसम्ममा कुल २२ हजार ३८२ वटा दाबी भुक्तानी भएको छ जस अन्तर्गत रु ३ अर्ब २५ करोड ३९ लाख भुक्तानी भएको छ भने, १ लाख ५ हजार ४९९ वटा दाबी संख्या अन्तर्गत कुल रु ४० अर्ब ९५ करोड ३१ लाख भुक्तानी हुन बाँकी रहेको छ। गत आ.व.को भाद्र मसान्तसम्मको तुलनामा दाबी भुक्तानी संख्यामा ६.८८ प्रतिशतले वृद्धि भएको छ भने दाबी रकममा ३१.७५ प्रतिशत प्रतिशत वृद्धि भएको देखिन्छ।

५. जीवन बीमाको पहुँच

सूचक	२०८१ भाद्र मसान्तसम्ममा	२०८२ भाद्र मसान्तसम्ममा
बीमाको दायरामा आएको जनसंख्या प्रतिशतमा *(म्यादि, लघु म्यादि र बैदेशिक रोजगार जीबन बीमालेख बाहेक)*	१७.६०	१७.७५
बीमाको दायरामा आएको जनसंख्या प्रतिशत *(म्यादि र लघु म्यादि जीवन बीमालेख सहित)*	३५.९१	४०.८४
बीमाको दायरामा आएको जनसंख्या प्रतिशत *(म्यादि, लघुम्यादि र बैदेशिक रोजगार जीवन बीमालेख सहित)*	**४२.९२**	**४९.१९**

राष्ट्रिय तथ्यांक कार्यालयले प्रकाशित गरेको २०७८ सालको जनगणनाको प्रतिवेदनमा प्रकाशित जनसंख्याको बृद्धि प्रतिशतका आधारमा चालु आ.व को भाद्र मसान्तसम्मको जनसंख्या प्रक्षेपण गरी बीमाको दायरा गणना गर्दा ४९.१९% जनसंख्यामा बीमाको पहुँच पुगेको छ भने ५०.८१% जनसंख्या बीमाको पहुँच बाहिर रहेको देखिन्छ।

४. समर्पण तथा व्यतित विवरण

सूचक	२०८१ भाद्र मसान्तसम्ममा	२०८२ भाद्र मसान्तसम्ममा	परिवर्तन %
समर्पण संख्या	१९,७४१	१५,८९८	(१९.४७)
समर्पण रकम	२७,५३३.३८	२५,००७.०८	(९.१८)
व्यतित बीमालेखको संख्या	१,१८०,६१६	१,२१३,५६२	२.७९
व्यतित बीमालेखको रकम	३४६,७६९.००	३६४,३४७.४२	५.०७

चालु आ.व २०८२/८३ को भाद्र मसान्तसम्ममा १५ हजार ८९८ वटा जिवन बीमालेख समर्पण भएका छन् जस अन्तर्गत रु २ अर्ब ५० करोड ७ लाख समर्पण रकम रहेको छ। त्यसैगरी, १२ लाख १३ हजार ५६२ बीमालेख व्यतित भएकाछन् भने व्यतित बीमालेखको रकम रु ३६ अर्ब ४३ करोड ४७ लाख रहेको छ।

६. बीमकको शाखा कार्यालय तथा कर्मचारीको विवरण

सूचक	२०८१ भाद्र मसान्तसम्ममा	२०८२ भाद्र मसान्तसम्ममा	परिवर्तन %
जीवन बीमा कम्पनीहरुको कार्यालय संख्या	१,८३७	१,८३४	(०.१६)
निर्जीवन बीमा कम्पनीहरुको कार्यालय संख्या	१,१५९	१,१५५	(०.३५)
बीमा कम्पनीहरुको जम्मा कार्यालय संख्या	**२,९९६**	**२,९८९**	**(०.२३)**
जीवन बीमा कम्पनीहरुको कर्मचारी संख्या	५,८५२	६,०६५	३.६४
निर्जीवन बीमा कम्पनीहरुको कर्मचारी संख्या	५,९५०	६,२५३	५.०९
बीमा कम्पनीहरुको जम्मा कर्मचारी संख्या	**११,८०२**	**१२,३१८**	**४.३७**

चालु आ.व. २०८२/८३ को भाद्र मसान्तसम्ममा जीवन बीमातर्फ १ हजार ८३४ र निर्जीवन बीमातर्फ १ हजार १५५ गरी जम्मा शाखा संख्या २ हजार ९८९ पुगेको छ भने जीवन बीमातर्फ ६ हजार ६५ र निर्जीवन बीमातर्फ ६ हजार २५३ गरी कुल १२ हजार ३१८ जना कर्मचारी कार्यरत छन्।

७. बीमालेख अनुसार जारी जीवन बीमालेख संख्या

जीवन बीमालेख	२०८१ भाद्र मसान्तसम्ममा (१)	जारी बीमालेख को हिस्सा प्रतिशत	२०८२ भाद्र मसान्तसम्ममा (२)	जारी बीमालेख को हिस्सा प्रतिशत	(१) देखि (२) परिवर्तन %
सावधिक	६५,७१९	६.५१	६६,५२८	५.५५	१.२३
अग्रिम भुक्तानी सावधिक	५,९८९	०.५९	५,६६०	०.४७	(५.४९)
रुपान्तरित सावधिक	७,३५०	०.७३	८,३४४	०.७०	१३.५२
बालबच्चा सम्बन्धि सावधिक	१६,५३४	१.६४	१८,७६३	१.५७	१३.४८
वैदेशिक रोजगार म्यादि	११७,१६४	११.६१	१३८,५६४	११.५६	१८.२६
आजिवन	८६६	०.०९	८६१	०.०७	(०.५८)
एकल बीमाशुल्क	३,०८७	०.३१	२,२५७	०.१९	(२६.८९)
म्यादि	१२७,४८२	१२.६३	१५१,६२९	१२.६५	१८.९४
लघु	६६३,३०२	६५.७१	८०४,६३०	६७.१३	२१.३१
अन्य जीवन बीमा	१,९८३	०.२०	१,४०७	०.१२	(२९.०५)
जम्मा	१,००९,४७६	१००	१,१९८,६४३	१००.००	१८.७४

चालु आ.व. २०८२/८३ को भाद्र मसान्तसम्ममा जीवन बीमकहरुले जारी गर्दै आएका बीमालेखहरुको संख्याको आधारमा सबै भन्दा बढी हिस्सा लघु जीवन बीमाको ६७.१३ प्रतिशत रहेको छ भने सबै भन्दा कम हिस्सा आजिवन बीमालेखको ०.०७ प्रतिशत रहेको छ । गत आ.व.को भाद्र मसान्तसम्मको तुलनामा जारी बीमालेखको संख्यामा १८.७४ प्रतिशतले वृद्धि भएको छ ।

८. सक्रिय जीवन बीमालेख संख्या

जीवन बीमालेख	२०८१ भाद्र मसान्तसम्ममा (१)	सक्रिय बीमालेख को हिस्सा प्रतिशत	२०८२ भाद्र मसान्तसम्ममा (२)	सक्रिय बीमालेख को हिस्सा प्रतिशत	(१) देखि (२) परिवर्तन %
सावधिक	२,०३९,६२७	१४.८०	२,१७५,५६८	१३.६५	६.६६
अग्रिम भुक्तानी सावधिक	४४७,१२१	३.२४	४५४,६२१	२.८५	१.६८
रुपान्तरित सावधिक	५३७,२६९	३.९०	५६४,९५३	३.५४	५.१५
बालबच्चा सम्बन्धि सावधिक	१,००१,६२७	७.२७	१,०७०,७५०	६.७२	६.९०
वैदेशिक रोजगार म्यादि	२,१५५,२१५	१५.६४	२,५९२,०५५	१६.२६	२०.२७
आजिवन	१७३,९२२	१.२६	१७५,९७१	१.१०	१.१८

एकल बीमाशुल्क	७८,०३०	०.५७	१०१,३५२	०.६४	**२९.८९**
म्यादि	३,२८६,२००	२३.८४	३,३४७,५७४	२१.०१	**१.८७**
लघु	३,९४१,०५२	२८.५९	५,३३०,३१२	३३.४५	**३५.२५**
अन्य जीवन बीमा	१२४,०३७	०.९०	१२३,६१५	०.७८	(०.३४)
जम्मा	१३,७८४,१००	१००.००	१५,९३६,७७१	१००.००	१५.६२

चालु आ.व. २०८२/८३ को भाद्र मसान्तसम्ममा सक्रिय जीवन बीमालेखहरुको संख्याको आधारमा सबै भन्दा बढी हिस्सा लघु जीवन बीमाको ३३.४५ प्रतिशत रहेको छ भने सबै भन्दा कम हिस्सा एकल बीमालेखको ०.६४ प्रतिशत रहेको छ । गत आ.व. को भाद्र मसान्तसम्मको तुलनामा चालु आ.व.को भाद्र मसान्तसम्ममा सक्रिय बीमालेखको संख्यामा १५.६२ प्रतिशत वृद्धि भएको छ ।

९. प्रदेश अनुसार सक्रिय जीवन बीमालेख संख्या

प्रदेश	२०८१ भाद्र मसान्तसम्ममा (१)	सक्रिय बीमालेखको हिस्सा प्रतिशत	२०८२ भाद्र मसान्तसम्ममा (२)	सक्रिय बीमालेखको हिस्सा प्रतिशत	(१) देखि (२) परिवर्तन %
कोशी	१,०६१,४०४	७.७०	१,७४६,१२५	१०.९६	**६४.५१**
मधेश	६०३,६३३	४.३८	६५६,७३३	४.१२	**८.८०**
बाग्मती	९,८३१,८३२	७१.३३	१०,३९९,९७१	६५.२६	**५.७८**
गण्डकी	५२८,७३८	३.८४	८९४,४४३	५.६१	**६९.१७**
लुम्बिनी	१,००३,६३२	७.२८	१,०९५,९६७	६.८८	**९.२०**
कर्णाली	२२५,१७६	१.६३	५६३,६८७	३.५४	**१५०.३३**
सुदूरपश्चिम	५२९,६८५	३.८४	५७९,८४५	३.६४	**९.४७**
जम्मा	१,३७,०७,२६५	१००.००	१,५८,८६,३६५	१००.००	१५.९०

चालु आ.व. २०८२/८३ को भाद्र मसान्तसम्ममा सक्रिय जीवन बीमालेखहरुको संख्याको आधारमा प्रदेशगत तुलना गर्दा सबै भन्दा बढी सक्रिय बीमालेखको हिस्सा बागमती प्रदेशमा ६५.२६ प्रतिशत रहेको छ भने सबै भन्दा कम हिस्सा कर्णाली प्रदेशको ३.५४ प्रतिशत रहेको छ ।

१०. जारी निर्जीवन बीमालेख संख्या

निर्जीवन बीमालेख	२०८१ भाद्र मसान्तसम्ममा (१)	जारी बीमालेखको हिस्सा प्रतिशत	२०८२ भाद्र मसान्तसम्ममा (२)	जारी बीमालेखको हिस्सा प्रतिशत	(१) देखि (२) परिवर्तन %
सम्पत्ति	८५,६१५	१८.२०	८३,२६५	१६.९८	(२.७४)
सामुन्द्रिक	५९,०५९	१२.५५	६५,३५०	१३.३३	१०.६५
हवाई	२८	०.००६	२६	०.००५	(७.१४)
मोटर	२१४,७४८	४५.६४	२१९,७४५	४४.८२	२.३३
इन्जि. तथा ठे. जोखिम	२,५७७	०.५५	२,७२२	०.५६	५.६३
विविध	२८,३१५	६.०२	२७,३०९	५.५७	(३.५५)
कृषि तथा बाली	३५,५१४	७.५५	३२,३१७	६.५९	(९.००)
लघु	४४,६५८	९.४९	५९,५७३	१२.१५	३३.४०
जम्मा	४७०,५१४	१००.००	४९०,३०७	१००.००	४.२१

चालु आ.व. २०८२/८३ को भाद्र मसान्तसम्ममा निर्जीवन बीमकहरुले जारी गर्दै आएका बीमालेखहरुको संख्याको आधारमा सबै भन्दा बढी हिस्सा मोटर बीमाको ४४.८२ प्रतिशत रहेको छ भने सबै भन्दा कम संख्यामा हवाई बीमालेख जारी भएका छन् जस्को हिस्सा ०.००५ प्रतिशत रहेको छ। गत आ.व. को भाद्र मसान्तसम्मको तुलनामा चालु आ.व.को भाद्र मसान्तसम्ममा जारी बीमालेख संख्या ४.२१ प्रतिशत बृद्धि भएको छ।

११. प्रदेश अनुसार जारी निर्जीवन बीमालेख संख्या

प्रदेश	२०८१ भाद्र मसान्तसम्ममा (१)	बीमालेखको हिस्सा प्रतिशत	२०८२ भाद्र मसान्तसम्ममा (२)	बीमालेख को हिस्सा प्रतिशत	(१) देखि (२) परिवर्तन %
कोशी	५७,४६८	१२.२१	६२,६९३	१२.७९	९.०९
मधेश	४९,३३१	१०.४८	४९,९०८	१०.१८	१.१७
बाग्मती	२१६,५५४	४६.०२	२३०,४३७	४७.००	६.४१
गण्डकी	४४,०६६	९.३७	४२,६५६	८.७०	(३.२०)
लुम्बिनी	७४,२८७	१५.७९	७५,७४२	१५.४५	१.९६
कर्णाली	७,४१०	१.५७	७,९१४	१.६१	६.८०
सुदूरपश्चिम	२१,३९८	४.५५	२०,९५७	४.२७	(२.०६)
जम्मा	४७०,५१४	१००.००	४९०,३०७	१००.००	४.२१

चालु आ.व. २०८२/८३ को भाद्र मसान्तसम्ममा निर्जीवन बीमकहरुले जारी गरेको बीमालेखहरुको संख्याको आधारमा प्रदेशगत तुलना गर्दा सबै भन्दा बढी हिस्सा बागमती प्रदेशमा ४७ प्रतिशत रहेको छ सबै भन्दा कम हिस्सा कर्णाली प्रदेशमा १.६१ प्रतिशत रहेको छ।

१२. बीमालेखका आधारमा जीवन बीमामा कुल बीमाशुल्क संकलन

रकम रु. लाखमा

जीवन बीमालेख	२०८१ भाद्र मसान्तसम्ममा (१)	बीमाशुल्क को हिस्सा प्रतिशत	२०८२ भाद्र मसान्तसम्ममा (२)	बीमाशुल्क को हिस्सा प्रतिशत	(१) देखि (२) परिवर्तन %
सावधिक	११३,४२७.६४	३७.६१	१५८,३८१.६१	४४.०१	**३९.६३**
अग्रिम भुक्तानी सावधिक	६९,४२४.७४	२३.०२	६९,३३३.६५	१९.२६	**(०.१३)**
रुपान्तरित सावधिक	४०,१५२.१६	१३.३१	४०,१९८.३९	११.१७	**०.१२**
बालबच्चा सम्बन्धि सावधिक	४६,०९५.०२	१५.२८	५४,४५३.५९	१५.१३	**१८.१३**
वैदेशिक रोजगार म्यादि	४,९२६.८६	१.६३	५,८३८.७१	१.६२	**१८.५१**
आजिबन	८,०५४.६५	२.६७	८,३०२.९०	२.३१	**३.०८**
एकल बीमाशुल्क	८,२५९.७८	२.७४	१०,४७४.८७	२.९१	**२६.८२**
म्यादि	२,२१३.८७	०.७३	२,८४५.१७	०.७९	**२८.५२**
लघु	३,५६२.१९	१.१८	४,२९८.९८	१.१९	**२०.६८**
अन्य	५,४६२.०४	१.८१	५,७७३.०१	१.६०	**५.६९**
जम्मा	**३०१,५७९**	**१००.००**	**३५९,९०१**	**१००.००**	**१९.३४**

चालु आ.व. २०८२/८३ को भाद्र मसान्तसम्ममा जीवन बीमकहरुले संकलन गरेको कुल बीमाशुल्कमा सबै भन्दा बढी हिस्सा सावधिक जीवन बीमालेखको ४४.०१ प्रतिशत रहेको छ भने सबै भन्दा कम हिस्सा म्यादी बीमालेखको ०.७९ प्रतिशत रहेको छ। गत आ.व. को भाद्र मसान्तसम्मको तुलनामा चालु आ.व.को भाद्र मसान्तसम्ममा जीवन बीमातर्फ कुल बीमाशुल्क संकलन १९.३४ प्रतिशतले बृद्धि भएको छ।

१३. प्रदेश अनुसार कुल जीवन बीमाशुल्क संकलन

रकम रु. लाखमा

प्रदेश	२०८१ भाद्र मसान्तसम्ममा (१)	बीमाशुल्कको हिस्सा प्रतिशत	२०८२ भाद्र मसान्तसम्ममा (२)	बीमाशुल्क को हिस्सा प्रतिशत	(१) देखि (२) परिवर्तन %
कोशी	३९,००९.७६	१२.९४	४३,१७७.११	१२.००	**१०.६८**
मधेश	२६,९५०.२९	८.९४	२९,७९०.६३	८.२८	**१०.५४**
बाग्मती	१३१,८५२.१२	४३.७२	१७२,२२६.७४	४७.८५	**३०.६२**

गण्डकी	३१,६९०.६१	१०.५१	३५,१९३.६१	९.७८	११.०५
लुम्बिनी	४५,८३१.४३	१५.२०	५०,९१३.७०	१४.१५	११.०९
कर्णाली	८,४०.१२	२.९०	१०,१२०.२९	२.८१	१५.७९
सुदूरपश्चिम	१७,५०४.६०	५.८०	१८,४७८.८०	५.१३	५.५७
जम्मा	**३०१,५७८.९४**	**१००.००**	**३५९,९००.८८**	**१००.००**	**१९.३४**

चालु आ.व. २०८२/८३ को भाद्र मसान्तसम्ममा जीवन बीमकहरुले संकलन गरेको कुल बीमाशुल्कको आधारमा प्रदेशगत तुलना गर्दा सबै भन्दा बढी हिस्सा बागमती प्रदेशमा ४७.८५ प्रतिशत रहेको छ भने सबै भन्दा कम हिस्सा कर्णाली प्रदेशमा २.८१ प्रतिशत रहेको छ।

१४. निर्जीवन बीमामा कुल बीमाशुल्क संकलन

रकम रु. लाखमा

निर्जीवन बीमालेख	२०८१ भाद्र मसान्तसम्ममा (१)	बीमाशुल्क को हिस्सा प्रतिशत	२०८२ भाद्र मसान्तसम्ममा (२)	बीमाशुल्क को हिस्सा प्रतिशत	(१) देखि (२) परिवर्तन %
सम्पत्ति	२३,२५२.८८	२९.६२	२५,१४२.३३	३०.३२	८.१३
सामून्द्रिक	४,६२०.८९	५.८९	५,३०९.०३	६.४०	१४.८९
हवाई	४,४९०.२७	५.७२	३,५२९.८८	४.२६	(२१.३९)
मोटर	२२,०४१.३४	२८.०८	२३,०६९.७०	२७.८२	४.६७
इन्जि. तथा ठे. जोखिम	९,२४१.६८	११.७७	१०,९६७.८०	१३.२३	१८.६८
विविध	९,६९९.९६	१२.३६	९,९४८.०९	१२.००	२.५६
कृषि तथा बाली	४,०१३.१८	५.११	३,२८२.८२	३.९६	(१८.२०)
लघु	१,१३८.५८	१.४५	१,६८२.४७	२.०३	४७.७७
जम्मा	**७८,४९८.७८**	**१००.००**	**८२,९३२.१३**	**१००.००**	**५.६५**

चालु आ.व. २०८२/८३ को भाद्र मसान्तसम्ममा निर्जीवन बीमकहरुले संकलन गरेको कुल बीमाशुल्कमा सबै भन्दा बढी हिस्सा सम्पत्ति बीमालेखको ३०.३२ प्रतिशत रहेको छ भने सबै भन्दा कम हिस्सा लघु बीमालेखको २.०३ प्रतिशत भएको छ। गत आ.व. को भाद्र मसान्तसम्मको तुलनामा चालु आ.व.को भाद्र मसान्तसम्ममा कुल बीमाशुल्क संकलन ५.६५ प्रतिशतले बृद्धि भएको छ।

१५. प्रदेश अनुसार निर्जीवन कुल बीमाशुल्क संकलन

रकम रु. लाखमा

प्रदेश	२०८१ भाद्र मसान्तसम्ममा (१)	बीमाशुल्कको हिस्सा प्रतिशत	२०८२ भाद्र मसान्तसम्ममा (२)	बीमाशुल्कको हिस्सा प्रतिशत	(१) देखि (२) परिवर्तन %
कोशी	६,५९२.९६	८.४०	७,०८०.४९	८.५४	७.३९
मधेश	५,११७.४०	६.५२	५,८१६.०८	७.०१	१३.६५
बाग्मती	५४,०४०.८०	६८.८४	५६,४७८.७२	६८.१०	४.५१
गण्डकी	४,२२४.८२	५.३८	४,२४१.७९	५.११	०.४०
लुम्बिनी	६,३७६.७९	८.१२	६,९७६.४७	८.४१	९.४०
कर्णाली	५८९.४६	०.७५	७१६.२१	०.८६	२१.५०
सुदूरपश्चिम	१,५५६.५४	१.९८	१,६२२.३६	१.९६	४.२३
जम्मा	**७८,४९८.७८**	**१००.००**	**८२,९३२.१३**	**१००.००**	**५.६५**

चालु आ.व. २०८२/८३ को भाद्र मसान्तसम्ममा निर्जीवन बीमकहरुले संकलन गरेको कुल बीमाशुल्कको आधारमा प्रदेशगत तुलना गर्दा सबै भन्दा बढी बीमाशुल्क संकलनको हिस्सा बागमती प्रदेशको ६८.१० प्रतिशत रहेको छ भने सबै भन्दा कम हिस्सा कर्णाली प्रदेशको ०.८६ प्रतिशत रहेको छ ।

१६. उजुरी दर्ता तथा फछर्यौट

विवरण		आर्थिक वर्ष	
		२०८१/८२	२०८२/८३(भाद्र मसान्तसम्ममा)
गत वर्षको निवेदन बाँकी संख्या		२८७	३९४
यस वर्षको निवेदन संख्या	केन्द्रीय कार्यालयमा	१४४	२३
	प्रदेश कार्यालयमा	९१	०९
	कुल दर्ता	२३५	३२
पुनरावेदनबाट आएका मुद्दाको संख्या		३	-
जम्मा निवेदन		**५२५**	**४२६**
फैसला/सहमति भएका मुद्दा संख्या	फैसला	८५	२३
	सहमति	४६	४
	जम्मा फछर्यौट	१३१	२७
बाँकी संख्या		**३९४**	**३९९**

चालु आ.व. २०८२/८३ को भाद्र मसान्तसम्ममा केन्द्रीय कार्यालयमा २३ र प्रदेश कार्यालयमा ९ गरी प्राधिकरणमा कुल दर्ता भएका ३२ वटा उजुरी र गत वर्षको बाँकी ३९४ वटा निवेदन गरी कुल ४२६ वटा उजुरी प्राप्त भएको छ जसमध्ये २३ वटा उजुरी मुद्दा फैसलाबाट र ४ वटा उजुरी सहमतीबाट गरी कुल २७ वटा उजुरी फछ्यौंट भएका छन् भने ३९९ वटा उजुरी फछ्यौंट हुन बाँकी नै रहेको छ ।

तयार:

प्रकाशन उपसमिति

अनुसन्धान महाशाखा